# मनसुन पूर्वतयारी कार्ययोजना – २०७५




जिल्ला प्रशासन कार्यालय,

## जिल्ला विपद् व्यवस्थापन समिति

जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७५।०२।२८

जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्र दार्चुला

**शब्दावली :**

| | |
|---|---|
| जि.वि ब्य.स. | जिल्ला विपद् ब्यवस्थापन समिति |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| न.पा. | नगरपालिका |
| गा.पा. | गाउपालिका |
| साबिक गाविस | साबिक गाउँ विकास समिति |
| जिकृविका | जिल्ला कृषि विकास कार्यालय |
| जि.प्रा.का. | जिल्ला प्राविधिक कार्यालय |
| जि.शि.अ. | जिल्ला शिक्षा अधिकारी |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| जि.ज.स्वा.का. | जिल्ला जनस्वास्थ्य कार्यालय |
| जिपसेका | जिल्ला पशु सेवा कार्यालय |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाइटी |
| ने. से. | नेपाली सेना |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| मविअ | महिला विकास अधिकृत |
| मबाका | महिला तथा बालबालिका कार्यालय |
| सप्रब | शसस्त्र प्रहरी बल |
| स्थाविअ | स्थानीय विकास अधिकारी |
| जि.व.का. | जिल्ला वन कार्यालय |
| जि.भु.सं का. | जिल्ला भु संरक्षण कार्यालय |
| ज.उ.प्र.नि.वि. | जल उत्पन्न प्रकोप नियन्त्रण बिभाग |
| रा/अगैसस | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| DLSA | District Lead Support Agency |
| DEOC | District Emergency Operation Center |
| NEOC | National Emergency Operation Center |
| DDMC | District Disaster Management Committee |
| D-WASH CC | District Water and Sanitation Hygiene Coordination Committee |
| V-WASH | Village Water and Sanitation Hygiene Coordination Committee |
| DPHO | District Public Health Office |
| NRCS | Nepal Red Cross Society |
| DHM | Department of Hydrology and Metrology |

## १. पृष्ठभूमि

महाकाली र चमेलिया नदी यस जिल्लाको सबैभन्दा ठुलो नदीको रुपमा रहेका छन् । महाकाली नदी उत्तरबाट मुहान भई पश्चिम हुदै दक्षिण तिर बगेको छ भने चमेलिया नदी पनि उत्तर मुहान भै पश्चिम हुदै दक्षिण तिर बगेको पाइन्छ । भने नौगाड खोला पूर्व मुहान भै दक्षिण तिर चमेलिया नदीमा मिसिने हुदा यस जिल्लामा समय समयमा विपदको रुप लिई विभिन्न क्षेत्रहरुमा व्यास गाउपालिका राप्लादेखि लेकम गाउपालिका लाली सम्म  महाकाली नदीले असर पार्ने गरेको छ भने अपीहिमाल गाउपालिका देखि मालिकार्जुन गाउपालिका सम्म चमेलिया नदीले असर गर्ने गरेको पाइन्छ। त्यसैगरी जिल्लामा रहेका स साना थुप्रै खोला नालाहरु मकरीगाड, रिगुड गाड, घट्टे गाड, पडपडा खोला, मेल्या खोला, भेल्या खोला, कचुलि गार्ड, च्युरानी खोला, गढीगाड,भुपरीगाड, दुधि खोला, खतनगाड, रिठिनगाड, तम्वाकु खोला, कालागाड, कुकुरेगाड,निजागंगाड,लाष्कु खोला, भम्वागाड, धौलिगाड,थालि गाड, ठिङगाड,काकडीगाड,भर्तोला खोला, उकु खोला, बाकु गाड, बसेडी गाड, साजी गाड, बुढीगाड, रिठेगाड, दानौं गाड, चौडे गाड, गोकुले गाड, आंडरी खोला, ओसिल गाड, रोल खोला आदी प्रमुख हुन् । यिनै नदी तथा खोलामा आउने बाढी पहिरोका कारणले समुदायमा प्रत्येक बर्ष विपदको जोखिम व्यहोर्नु परेको छ । बर्षातको समयमा बाढी पहिरो, चटयांग झाडापखाला, जस्ता विपदहरु पटक पटक आउने हुदा जिल्ला विपद व्यवस्थापन समितिको समन्वय तथा प्रत्यक्ष सहभागितामा जिल्लाका सरकारी तथा गैरसरकारी कार्यालय,नेपाल रेडक्रस सोसाइटी र स्थानीय तह सहित विपदको समयमा प्रभावितहरुलाई सहयोग पुर्याउन उल्लेखनिय भुमिका रहदै आएको छ । बर्षायाममा बाढी पहिरो सडक अवरुद्ध दुर्घटना झाडापखाला जस्ता प्रकोपहरुलाई दृष्टीगत गरी विपद अगाडी अपनाइने समाधानका उपायहरु खोज तथा उद्धार कार्य राहत कार्य पुनःनिर्माण पूनःस्थापनाको क्षेत्रमा गर्न सकिने सल्लाह सुझाव समन्वय र सहयोग सम्बन्धमा जिल्ला विपद व्यवस्थापन समिति दार्चुलाको तर्फ बाट प्रभावितहरुलाई गर्न सकिने आधारभुत सहयोग तथा विषयहरुमा आधारित रही यो बर्षायामको लागि मनसुन पूर्व तयारी कार्ययोजना २०७५ तथार गरिएको छ । यो योजना निर्माणमा नेपाल रेडक्रस सोसाइटीको Contengency plan तथा जिल्ला विपद पूर्व तयारी प्रतिकार्य योजना २०७४/२०७५ लाई श्रोतको रुपमा प्रयोग गरिएको छ ।

## २. कार्य योजनाको उद्देश्य :

प्रत्येक बर्ष जस्तै मनसुनमा हुन सक्ने बाढी पहिरो नीको कटान हावाहुरी चट्यांग, महामारी, भुकम्प जस्ता विपदबाट गाउँ बस्ती बालीनाली, स्वास्थ्यमा पुर्याउन सक्ने जोखिमको विश्लेषण गर्दै त्यसप्रति सजग रहन तत्काल राहत तथा उद्धार कार्यका लागि जिल्ला स्थित सम्पूर्ण सुरक्षा निकाय, जिल्ला विपद व्यवस्थापन समितिका सदस्य, नेपाल रेडक्रस सोसाइटीका सदस्य तथा अन्य सरोकारवाला निकायहरुको अधिकतम रुपमा परिचालन गरी राहत तथा उद्धार कार्य छिटो छरितो र विश्वसनीय बनाउनु यस कार्य योजनाको मुख्य उद्देश्य रहेको छ ।

**(क) भौगोलिक अवस्था, सीमा तथा क्षेत्रफल**

दार्चुला जिल्ला नेपालको सुदरपश्चिममा पर्ने प्रदेश नं. ७ अन्तर्गत पर्दछ। यस जिल्लाको पूर्वमा बझाङ्ग जिल्ला, पश्चिममा भारतको उत्तराखण्ड प्रदेशको पिथौरागढ जिल्ला, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा बैतडी जिल्ला रहेको छ । विश्व मानचित्रमा २९°३६' उतरी अक्षांस देखि ३०°१५' उत्तरी अक्षांससम्म र ८०°२२' पूर्व देशान्तर देखि ८१°०९' पूर्व देशान्तरसम्म फैलिएको यस जिल्लाको जम्मा क्षेत्रफल २३२२ वर्ग कि.मी रहेको छ । यो जिल्लामा समुद्र सतहबाट ५१८ मिटरको उचाई देखि ७१३२ मिटर सम्मको उचाई भएको अपि हिमाल यस जिल्लाको प्रमुख आकर्षण हो । त्यस्तै चीनको तिब्बत क्षेत्रमा अवस्थित हिन्दुहरुको महत्वपूर्ण तीर्थस्थल तथा पर्यटकीय महत्वसमेत बोकेको मानसरोबर जाने नेपालको प्रमुख मार्गको रुपमा समेत दार्चुला जिल्लाको चर्चा पाएको छ ।

१. अक्षांस २९°३६' देखि ३०°१५' उत्तर सम्म देशान्तर ८०°२२' देखि ८१°०९' पूर्व
२. सिमानाः पूर्व वझाङ्ग पश्चिम भारतको पिथौरागढ जिल्ला, उत्तर तिव्वत (चीन), दक्षिण बैतडी जिल्ला
३. क्षेत्रफल २३२२ वर्ग कि.मी.
४. औषत लम्वाई ९२.५ कि.मी.
५. औषत चौडाई ४२.५ कि.मी.

**(ख) भौगालिक विभाजन :** भौगोलिक दृष्टिकोणले दार्चुला जिल्लालाई ४ भागमा बाड्न सकिन्छ ।

**अ) नदीले बनाएको फाट तथा बेसीहरु (समथर प्रदेश) :**

महाकाली, चौलानी र अन्य त्यस्तै ठूला खोला नालाहरुको किनारमा अवस्थित भित्री मधेशसँग तुलना गर्न सकिने समथर उब्जाउ फाँटहरु समथर प्रदेश अर्न्तगत पर्दछन् । जिल्लाको प्रमुख अन्न भण्डारको रुपमा रहेको यो फाँट र बेसीहरुमा जनसंख्याको चाप पनि अत्याधिक रहेको छ, साविकका उकू, लाली, दत्तू, गोकुलेश्वर, शिखर, देथला, धाप, खलंगा आदि गा.वि.स.हरु यस प्रदेशका उदाहरण हुन् ।

**आ) पहाडी भाग :-**

यस जिल्लाको मध्यभागमा रहेको उच्च समस्थली यस प्रदेशअन्र्तगत पर्दछन् । समथर भ-भागको तुलनामा केही कम उत्पादन हुने भएतापनि अपेक्षाकृत उब्जाउ क्षेत्र नै मानिन्छ । शंकरपूर, भगवती, रानीशिखर, रिठाचौपाता, ग्वानी, डाडाकोट, हिकिला आदि गा.वि.स.हरु यस प्रदेशमा पर्दछन् ।

**इ) लेकाली भाग :-**

लेकाली भाग प्राकृतिक सौन्दर्यताले भरीपूर्ण तर अन्न उत्पादनका दृष्टिकोणले कम उर्बर छ । प्राय: हेमन्त ऋतुमा हिमपात हुनु यस भागको विशेषता हो । लेकाली प्रदेशअन्र्तगत सुन्सेरा, राप्ला, खण्डेश्वरी, घुसा, इयरकोट आदि गा.वि.स.हरु पर्दछन् ।

**ई) हिमाली भाग :-**

जिल्लाको उत्तरपट्टिको चीनको स्वशासित क्षेत्र तिब्बतसंग सीमा जोडिएको सामान्यतया बाह्रै महिना हिँउले ढाकिएको क्षेत्रमा उत्पादन मात्रै होइन मानिसहरुको बसोबाससमेत नगण्य छ । हिँउदमा तल बेसी खलंगा झर्ने र गृष्ममा फर्किने यहाँ बसोबास गर्ने ब्याँसी (सौका) समुदायको प्रमुख बासस्थान भएको व्यास गा.वि.स. यस प्रदेशको उदाहरण हो ।

**(ग) प्रमुख नदी ताल तलैया सम्बन्धी विवरण :**

नेपाल र भारतको सीमा नदीको रुपमा बग्ने महाकाली नदी र यस जिल्लाको पूर्वपट्टि बैतडी जिल्लासंग जोडिएर बग्ने चमेलिया नदी दार्चुला जिल्लाका प्रमुख नदीहरु हुन । यी ठूला नदी बाहेक यहां तिकंरखोला, कालागाड, नौगाड, थालीगाड, लास्कु खोला आदि उल्लेखनीय खोलानाला हुन् । दार्चुला जिल्ला जलस्रोतको हिसाबमा धनी जिल्लाका रुपमा चिनिन्छ । यहाँ रहेका नदीनालाहरुमा लघु तथा बृहत जलविद्युत आयोजनाहरु संचालन गर्न सकिने सम्भावना रहेको छ । हाल चौलानी नदीमा ३० मेगावाट क्षमताको जलविद्युत आयोजना निर्माणको क्रममा रहेको छ । यस जिल्लामा सुरमासरोवर, ब्रहमदह, रिङदे ताल, आदि ताल तलैयाहरु रहेका छन् ।

**घ) हावा पानी**

दार्चुला जिल्लाको भौगोलिक बनोटमा देखिएको विब्धिता झैं हावापानी तथा वातावरणमा पनि बिषमता देखिन्छ । तसर्थ, यस जिल्लाको हावापानीलाई देहाय बमोजिम विभाजन गर्न सकिन्छ ।

**अ) हिमाली हावापानी :-** यस जिल्लाको ४८७८ मिटर उचाइ भन्दा माथिको भु-भागमा यस किसिमको हावापानी पाईन्छ । जहाँ बाह्रै महिना हिँउले ढाकिएको हुन्छ र मानव बसोबास पाईदैन ।

**आ) लेकाली हावापानी :-** यस किसिमको हावापानी उच्च हिमाली भेगहरुमा हिमरेखाको मुनितिर पाईन्छ । जो हिउँदमा हिँउले ढाकिने र गर्मीमा नाङ्गो हुन्छ । व्याँस गा.वि.स.मा यस किसिमको हावापानी पाईन्छ ।

**इ) ठण्डा शितोष्ण हावापानी :-** गृष्ममा गर्मी अनुभुति नहुनु र हिउँदमा तुलनात्मक रुपमा बढी चिसो हुने करिब २१३४ मिटर भन्दा माथिको भूभागमा यस प्रकारको हावापानी पाईन्छ । सिप्टी, खण्डेश्वरी र सुन्सेरा आदि गा.वि.स.हरुमा यस प्रकारको हावापानी पाईन्छ ।

**ई) समशितोष्ण हावापानी :-** जिल्लाको मध्यभागमा रहेका समुद्र सतहबाट ९१५ मिटरदेखि २१३४ मिटरको उचाईमा रहेका गा.वि.स.हरुमा यस किसिमको हावापानी पाईन्छ । गृष्ममा धेरै गर्मी र हिँउदमा साह्रै चिसो अनुभुती नहुनु यहाँको मुख्य विशेषता हो । रिठाचौपाता, शंकरपुर, छापरी आदी गा.वि.स.हरुमा यस प्रकारको हावापानी पाईन्छ ।

**उ) उष्ण हावापानी :-** जिल्लाको पश्चिम दक्षिणमा नदीका बेसीहरुमा उष्ण हावापानी पाईन्छ । ग्रीष्ममा अत्याधिक गर्मी र हिँउदमा आंसिकरुपमा चिसो हुनु यहाँको हावापानीमा पाईने मुख्य विशेषता हो । खासगरी गोकुलेश्वर, दत्तु, लाली, उकु आदि गा.वि.समा यस प्रकारको हावापानी पाईन्छ ।

## ३. स्वास्थ्य सेवा :

यस जिल्लामा स्वास्थ्य सेवाको लागि निम्नानुसारको अस्पताल उपचार केन्द्रहरु रहेका छन्:

| क्र.स. | विवरण | संख्या |
|---|---|---|
| १ | अस्पताल | २ |
| २ | शैया | ३० |
| ३ | क्लिनिक | ११ |
| ४ | स्वास्थ्य चौकी | ४० |
| ५ | उप स्वास्थ्य चौकी | ० |
| ६ | डाक्टर | ८ |
| ७ | नर्स,अ.न.मी. | १०२ |
| ८ | अ.हे.व.,हे.व. | ११४ |
| ९ | आयुर्वेदिक अस्पताल | १ |
| १० | प्रति डाक्टर लाभान्वित जनसंख्या | १७,५३७ |

**४. यातायात :** सावीक गा.वि.स.हरुको जिल्ला सदरमुकाम सम्मको पहुँच

| क्र.सं. | सावीक गा.वि.स.को नाम | क्षेत्रफल वर्गमिटर | सदरमुकाम सम्मको दुरी कोष |
|---|---|---|---|
| १ | धौलाकोट | १२३१६९४० | ८ |
| २ | व्याँस | २३९१६७५० | २८ |
| ३ | राप्ला | २८४१८३४५ | १३ |
| ४ | सुन्सेरा | १८५९७५०५ | १० |
| ५ | धारी | १७२५२१६५ | ४.५ |
| ६ | पिपलचौरी | ९९४७५२५ | ७ |
| ७ | हिकिला | ११६४५५४० | ६ |
| ८ | हुती | ६२७७८१० | ६ |
| ९ | काटै, अपी न.पा. ( वार्ड न. ७, ८, ९ ) | १३८१३५१५ | १.५ |
| १० | खलँगा, अपी न.पा. ( वार्ड न.१०, ११, १२, १३ ) | २०००६२८५ | ० |
| ११ | छापरी, अपी न.पा. ( वार्ड न .४, ५, ६ ) | १०८६०१००० | १.५ |
| १२ | ब्रह्मदेव, अपी न.पा. ( वार्ड न .१, २, ३ ) | ६३२७७८५ | ३ |
| १३ | धाप, अपी न.पा. ( वार्ड नं. १४, १५, १६, १७ ) | ३३५६३७६५ | ३.५ |
| १४ | भगवती | १६७७९१९५ | ८.५ |
| १५ | मालिकार्जुन | ९४४८६४५ | १० |
| १६ | शंकरपुर | १६४४६७१५ | ९.५ |
| १७ | उकु | १९६४८९७५ | ११.५ |
| १८ | दत्तु | १९८४६५०५ | ५ |
| १९ | लाली | २१५९२६२० | १६.५ |
| २० | खरकाँडा | १४९६०३३५ | १६.५ |
| २१ | डाडाकोट | १३३२२६७९५ | १४ |
| २२ | हुनैनाथ | १०८३७०७० | ११.५ |
| २३ | ग्वानी | २५१३७६२० | १३ |
| २४ | बोहरीगाउ | १८८९९०७० | १२ |
| २५ | रिठाचौपाता | २०२२५५८५ | १४.५ |
| २६ | सरमोली | १८८६४७६० | १४.५ |
| २७ | गोकुलेश्वर | ११०५३२८० | १७ |
| २८ | देथला | १७००२९०५ | १३ |
| २९ | रानीशिखर | १३४१३५५५० | १४ |
| ३० | तपोवन | १०६८२५९० | १६ |
| ३१ | शिखर | १३३२९१५० | १५ |
| ३२ | सितौला | १४६८३११० | २१ |
| ३३ | सेरी | १८६३०९५० | १३ |
| ३४ | खण्डेश्वरी | ४०५०१६३० | २३ |
| ३५ | गुल्जर | २८२७६६२५ | १७ |
| ३६ | घुसा | २०२९७८७५ | २६ |
| ३७ | लटिनाथ | २९९०३२७० | १५ |
| ३८ | ईयरकोट | २४८७५५४५ | १० |
| ३९ | खार | १७३९५१२५ | ६ |
| ४० | धुलीगडा | ४११९९१६५ | ११ |
| ४१ | सिप्टी | ७७८१२९५ | ११ |

## ५. बिपद् उद्धारका प्रत्यक्ष सरोकारका निकायहरु:

क. जिल्ला प्रशासन कार्यालय दार्चुला

ख. स्थानीय तहहरु (२ न.पा. र ७ गा.पा.)

ग. सुरक्षा निकाय (थप विवरण परिशिष्ट "ख" अनुसार)

- नेपाली सेना
    - अ. दुर्गादल गुल्म खलगां दार्चुला
- नेपाल प्रहरी
    - अ. जिल्ला प्रहरी कार्यालय, दार्चुला
    - आ. इलाका प्रहरी कार्यालय तथा प्रहरी चौकी
    - इ. सिमा प्रहरी चौकी
    - ई. अस्थाई प्रहरी पोष्ट
- सशस्त्र प्रहरी बल नेपाल
    - अ. सशस्त्र प्रहरी बल नेपाल सिमा सुरक्षा गुल्म दार्चुला महाकाली न.पा.
    - आ. सशस्त्र प्रहरी बल नेपाल चमेलिया जलबिद्युत आयोजना सुरक्षा बेस बंलाच शैल्यशिखर न.पा.

घ. जिल्ला समन्वय समिति

ङ. जिल्ला अस्पताल,

च. स्वास्थ्य चौकी

छ. शहरी बिकास तथा भवन निर्माण डिभिजन कार्यालय

ज. जिल्ला वन कार्यालय

झ. जिल्ला कृषि बिकास कार्यालय, जिल्ला पशुसेवा कार्यालय

ञ. जिल्ला भू-संरक्षण कार्यालय

ट. नेपाल रेडक्रस सोसाइटी दार्चुला जिल्ला शाखा र उपशाखाहरु

ठ. यातायात व्यवसायी संघहरु,

ड. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

ढ. नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम,

ण. नगरपालिका तथा गाँउपालिका कार्यालयहरु,

त. एम्बुलेन्स सेवा

थ. दमकल सेवा

द. निर्माण व्यवसायी संघ

ध. जिल्ला स्थित क्रियासिल राजनैतिक दलहरु

न. नेपाल पत्रकार महासंघ दार्चुला शाखा

प. अन्य संघ संस्था (राष्ट्रिय तथा अन्तर्राष्टिय)

## ६. कार्य विवरण:

| सि.नं. | क्रियाकलाप | कसले | कहाँ | |
|---|---|---|---|---|
| १ | खोज तथा उद्धार कार्य | जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, नेपाल रेडक्रस सोसाइटी, | जिल्लाभर | |
| २ | राहत वितरण | जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा/ उपशाखाहरु, स्थानीय तहहरु, स्थानीय विपद जोखिम व्यवस्थापन समिति र उद्योग वाणिज्य संघ, | प्रभावित क्षेत्रमा | |
| ३ | राहत सामाग्री भण्डारण | तयारी खाना उद्योग वाणिज्य संघ/खाद्य संस्थान डिपो, त्रिपाल लगायत अन्य लत्ता कपडाहरु नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा उपशाखा, | क्षेत्रअनुसार जिल्लाको विभिन्न स्थानहरुमा | |
| ४ | स्वास्थ्यकर्मी, औषधी तथा एम्बुलेन्स र बारुण यन्त्र | जिल्ला अस्पताल, स्वास्थ्य चौकीहरु, न.पा./गा.पा, ने.रे.सो. र एम्बुलेन्स संचालक समिति तथा संघसंस्थाहरु | जिल्ला स्तरमा | |
| ५ | सडक यातायात संचालनको सुधार तथा यातायात उपलब्ध | सडक डिभिजन कार्यालय, जिल्ला समन्वय समिति, यातायात व्यवसायी समितिहरु, स्थानीय तह | जिल्लाभर | |
| ६ | भु-क्षय सम्बन्धी | जिल्ला भु-संरक्षण कार्यालय, महाकाली तटबन्ध, स्थानीय तह | जिल्लाभर | |
| ७ | विपद सम्बन्धी सुचना तथा जनचेतना | जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरु, जल तथा मौषम शाखा कार्यालय | जिल्लाभर | |
| ८ | विपद सिमुलेसन | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाल रेडक्रस सोसाइटी | स्थानीय तह देखि जिल्ला तहसम्म | |
| ९ | शान्ति सुरक्षा | नेपाल प्रहरी, सशस्त्र प्रहरी वल | जिल्लाभर | |

## ७. जिल्लामा भएका विपद घटनाहरु

### क) बाढी /पहिरो:-

दार्चुला जिल्लाका पहिरोवाट प्रभावित तीन गाउँपालिकाहरुमा सङ्कटासन्नता तथा क्षमता विश्लेषण VCA) गर्दा पहिरोबाट क्षति गर्ने तथ्याङ्क विश्लेषणबाट प्राप्त नतिजाअनुसार ४०० घर पुर्ण रुपमा क्षति, ६०० घरहरुको आंशिक क्षति, २५ जनाको बाढी तथा पहिरोजन्य विपद्बाट मृत्यु र २० जनाले झाडापखालाको महामारीबाट ज्यान गुमाउनुको साथै प्रतिवर्ष एक करोड भन्दा बढी सम्पत्तिको क्षति हुने गरेको छ।

**ख) भू-कम्प :**

भूगर्भविद्हरुको भनाई अनुसार दार्चुला जिल्ला तिव्वतियन प्लेटेक्टोनिक क्षेत्र भित्रपर्ने भएकोले यो जिल्लालाई भूकम्पको अति नै जोखिममा रहेको बिश्लेषण गरिएको छ । सदरमुकाम क्षेत्र भित्र बनिरहेका घरहरु पनि भवन संहिताअनुसार नबनाइएको हुँदा जि.स.स., नगरपालिकाको सकृयताको आवश्यकता पनि महसुस गरिएको छ । न्यूनतम मापदण्ड पनि नअपनाएर बनाइएका यस्ता संरचनाहरुले भूकम्पीय जोखिम बहन गर्न नसक्ने हुँदा यहाँको भूकम्पीय जोखिम अत्यधिक रहेको छ ।

**ग) बाढी :**

दार्चुला जिल्लाका विभिन्न गा.पा.हरुमा बाढीबाट धेरै क्षति हुन सक्ने आंकलन गरिएको छ । २०७० साल असार २ गते महाकाली नदिमा आएको बाढीलाई मध्यनजर गरी यसले गरेको क्षतिका आधारमा आगामी दिनमा दार्चुला जिल्लामा महाकालीको बाढीबाट खतरामा रहेका महाकाली नगरपालिका, मालिकार्जुन गा.पा.को उकु, लेकम गा.पा.को लाली, ब्यास गा.पा.को राप्ला, सुनसेरा र धौलाकोट छन् भने चौलानी नदिको बाढीको खतरामा मार्मा गाउँपालिकाको लटिनाथ, तपोवन, शैल्यशिखर नगरपालिकाको शिखर, देथला, गोकुलेश्वर र सर्मोली रहेका छन् । जिल्लाका अन्य खोलाहरुमा जिल्लाको मध्य भागबाट बग्ने नौगाड खोलाले खार तथा धुलिगडालाई आफ्नो निसाना बनाएको अवस्था छ । स-साना खहरे खोलाहरुले समेत वर्षायाममा वृहत रुप लिई किनारका संरचनामा जोखिम पुऱ्याउने अवस्था देखिन्छ । भल बग्ने कारणले सडक मार्ग बन्द हुने स्थिति, महाकाली लोकमार्गमा समेत देखिने गरेको सन्दर्भमा ग्रामिण सडकहरु सञ्चालन योग्य नरहने अवस्था सिर्जना हुने देखिन्छ ।

**घ) आगलागीः**

विगतमा घटेको घटनाहरु तथा जिल्ला विपद् व्यवस्थापन समिति तथा नेपाल रेडक्रस सोसाइटीको तथ्याङ्कको आधारमा वार्षिक औषत ५० परिवारहरु आगलागीबाट पूर्ण प्रभावित हुने हुँदा यस योजनामा आगलागीलाई समेत समावेश गरी लक्षित जनसंख्याको उद्धार तथा सम्भावित क्षतिलाई व्यवस्थापन गर्न आगलागीलाई समेत योजना निर्माण गर्दा ध्यान पुऱ्याइएको छ । आगलागी महामारी, खडेरी, चट्याङ्ग, हिमपहिरो तथा हुरी बतास जस्ता प्रकोपहरुबाट पनि धेरै मात्रामा धनजनको क्षति हुने गरेको छ र ती तथ्याङ्कको आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण गरिएको छ ।

**ङ) चट्याङ्ग :-**

चैत्रदेखि बर्षायाम रहुन्जेलसम्म यस जिल्लालाई चट्यांगको लागि जोखिमयुक्त जिल्लाको रुपमा मानिन्छ । भने बर्षेनी चटयांग बाट मानिस लगायत चौपायाहरुको मृत्यु हुने गरेको छ । चट्यांगबाट क्षति भएको खबर प्राप्त हुनासाथ सुरक्षा निकाय सरकारी गैर सरकारी निकायहरु घाइतेको उद्धार तथा उपचारको साथै प्रभावितहरुका लागि राहतको लागि पहल गरिएको छ ।

## ८. बर्षायाममा हुन सक्ने जोखिमहरु :

- बाढी/पहिरो
- हावाहुरी
- चट्यांग
- सडक अवरुद्ध तथा सडक दुर्घटना
- सरुवा रोग जस्ता महामारी

## ९. विपद व्यवस्थापन योजना :

विपदको प्रकृतिलाई हेरी जिल्ला विपद पूर्व तथारी तथा प्रतिकार्य योजना २०७५ तथार गरी सोही बहुविपदको समयलाई मध्यनजर गर्दै जिल्ला विपद व्यवस्थापन समितिले मौसम पूर्व तथारी योजनालाई निम्न तहमा कार्यान्वयन गरिने छ ।

**पहिलो तह :**

### क. पूर्व तयारी (Pre-Disaster,Preparation & Awareness):-

विपद व्यवस्थापनको लागि सुरक्षा निकायहरुलाई स्थानीय तह तथा अन्य संघ संस्थामार्फत श्रोत साधन जुटाउने तथा जिल्लामा उपलब्ध साधन श्रोतको व्यवस्था मिलाइ पूर्ण र सक्षम तयारी तर्फ जोड दिइने कार्य गरिनेछ । यस तहमा गरिने कार्य विवरण निम्न अनुसार रहेको छ ।

- विपद प्रतिकार्यका उपायहरु जिल्लाका सम्बन्धित स्थानीय तह तथा संघ/संस्था सँगको सहकार्यमा जनजागरणको रुपमा प्रशिक्षण तथा प्रचार प्रसार गर्ने ।
- विपद पूर्वतयारीका लागि जिल्ला विपद् व्यवस्थापन समितिको पहलमा स्थानीय तह, सुरक्षा निकाय तथा जिल्लामा रहेका सरकारी कार्यालयहरु तथा जिल्लामा कार्यरत संघ/संस्थासँगको समन्वयमा नियमित आपसी छलफल गरी सहकार्यको लागि तयारी रहने ।
- पत्रकार महासंघ, उद्योग बाणिज्य संघ, नेपाल रेडक्रस तथा विभिन्न मिडियाहरुसँग समन्वय गरी जनचेतनाका लागि सुचना समाचार प्रचार प्रसार निरन्तर गर्ने । जस्तैः तारजाली प्रयोग तथा बाँस, रुख बिरुवा रोपी बाढी पहिरोको रोकथामको उपाय अपनाउने, अर्थिङ्ग प्रयोग गरी चट्याङ्गबाट जोगिने, स्वच्छता तथा सरसफाईमा ध्यान दिइ महामारीबाट बच्ने आदी ।
- सुरक्षा निकाय सहित सबै सरोकारवाला निकायहरुले विपद सुरक्षा तालिम लगायत श्रोत साधन तयारी गर्ने र अत्यावश्यक सरसामान, उपकरण र वस्तुहरु परिस्थिति अनुसार तुरुन्त प्रयोग गर्न सकिने अवस्थामा राख्ने ।
- विपद परेमा तत्काल उद्धार गरी प्रभावितहरुलाई राहत वितरण गर्ने उद्देश्यले जिल्लाका विकट स्थानहरुमा रहेको गा.पा./नेपाल रेडक्रस सोसाइटी/जिल्ला खाद्य डिपो तथा स्थानीय तहहरुमा तयारी खाद्य तथा गैर खाद्य वस्तुको भण्डारणको व्यवस्थापन गरिने ।
- ग्रामिण क्षेत्रका बिग्रिएका बाटाहरुको मर्मतका लागि सम्बद्ध निकायलाई अनुरोध गर्ने ।
- खोज तथा उद्धार सामाग्री सुरक्षा युनिटहरु, ने.रे.सो.का स्थानीय तहहरु समेतमा मौज्दात गरी स्वयंसेवकहरुलाई प्रशिक्षित गर्ने ।

**<u>दोश्रो तह :</u>**

**<u>ख. बिपद्को अवस्था (During Disaster, Rescue & Response):-</u>**

जिल्लामा विपदको घटना घटिसकेको अवस्थामा सुरक्षा निकायहरु सहित सरोकारवाला सबै निकायहरु निम्नअनुसार परिचालन हुनेछ ।

- सुचनाको यकिन गरी जिल्ला विपद् व्यवस्थापन समितिमा भएको पूर्व समन्वय अनुसार सुरक्षा निकायलाई मध्यनजर गर्दै सुरक्षा निकायहरु घटनाको प्रकृति अनुसार आवश्यक साधन श्रोतसहित तुरुन्त खटिने ।
- विपदको अवस्थालाई मध्यनजर गरी घाइते बिरामीहरुको उद्धार कार्य साथै थप घटना हुन नदिने तर्फ आवश्यक कारवाही गरिने ।
- ने.रे.सो.का तालीम प्राप्त स्वयंसेवक तथा जिल्ला जनस्वास्थ्य कार्यालयका कर्मचारीहरु मार्फत घाइते विरामीहरुलाई प्राथमिकताको आधारमा उद्धार तथा उपचार व्यवस्था मिलाइने ।
- खोज तथा उद्धार कार्यमा निष्पक्ष, इमान्दारी र बिरामीहरुको प्राथमिकतालाई मध्यनजर गरिने ।
- घाइते, विरामी तथा विस्थापित परिवारहरुलाई व्यवस्थित गर्नको लागि क्याप खडा गर्ने,विरामीहरुलाई अस्पताल लैजान एम्बुलेन्सको व्यवस्था गर्ने तथा आवश्यक परेमा हेलीकप्टरको लागि हेलीप्याड (Landing Zone) निर्माण गर्ने ।
- सडक दुर्घटना भएमा घटनास्थलको प्रकृति हेरी घाइतेहरुको खोज उद्धार र सडक सुचारु गर्ने कार्यलाई प्राथमिकता साथ तिव्रता दिने ।
- बाढी पहिरोले सडक अवरुद्ध भएमा सडक सुचारु गर्ने कार्यलाई प्राथमिकताका साथ तिव्रता दिइने । आवश्यक परेमा सवारी साधन डोजर, क्रेन आदी सरकारी कार्यालयहरु एवं यातायात व्यवसायी संघ तथा निर्माण व्यवसायी संघ मार्फत सहयोग लिइने ।
- हैजा/झाडा पखाला फैलिएको अवस्थामा तुरुन्त सुरक्षा निकाय सहित जिल्ला अस्पताल तथा जनस्वास्थ्य कार्यालय बाट स्वास्थ्यकर्मीको टोली खटाई शुरुमै महामारी नियन्त्रण गरी फैलिन नदिने उपायहरु अपनाइने
- बाढी/पहिरोको बिपद् परेको अवस्थामा सुरक्षा निकायहरु लगायत उद्धारकर्मीहरु निम्न बमोजिम परिचालित हुनेछन्।

**<u>कार्य (Task)</u>**

- ❖ बिपद्मा परेकाहरुलाई तुरुन्त उद्धार गर्ने ।
- ❖ सडक अवरुद्ध हो भने अवरुद्ध सडक यथासिघ्र संचालनमा ल्याउने ।
- ❖ प्राथमिकताका आधारमा घाइतेहरुको उपचार तथा अस्पताल लैजाने ।
- ❖ बिपद्को थप असरलाई कम गर्न प्रयत्न गर्ने ।

**तेश्रो तह :**

**ग. राहत, पुर्नस्थापन तथा व्यवस्थापन (Post Disaster):–**

जिल्लामा कुनै विपद् घटना घटिई सकेपछि पिडाको अवस्थालाई न्यूनीकरण गर्न राहत वितरण लगायत पुर्नस्थापनाको काय सम्पादन गर्नुपर्ने अवस्था आउनु पर्ने हुदा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत निम्न बमोजिम समन्वयात्मक तथा कार्यगत पहल गरिनेछ ।

- विपद व्यवस्थापन सँग सम्बन्धित सम्पूर्ण सरकारी निकाय, स्थानीय तह, संघ संस्थाहरुले विस्थापित तथा घाइतेहरुलाई गरिने मानवीय सहयोग प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहने जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा नै सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइने ।
- विस्थापित तथा घाइते बिरामीहरुको समयमा नै उपचार गरी, प्रभावित क्षेत्रमा शान्ति तथा सुरक्षाको प्रत्याभूति गर्न मद्दत गरिने ।
- घाइते बिरामीहरुलाई अस्पताल लैजान मद्दत गरिने ।
- प्राथमिकताको आधारमा राहत वितरण कार्यलाई सुलभ र पारदर्शी बनाई कार्य सम्पादन गरिने ।
- उपलब्ध साधन र श्रोतले अधिकतम प्रयोग तथा परिचालन गरी आवश्यकतानुसार फिल्ड मेडिकल क्याम्पहरु संचालन गर्ने तथा समस्या ग्रस्त क्षेत्रमा महामारी फैलन नदिन चेतनामुलक प्रशिक्षण संचालन गर्ने ।
- पुर्नस्थापनको लागि संकलित राहत नपुग भएमा सरोकारवाला निकायसँग आव्हान गरी संकलन गरिने । दाताहरुलाई प्रभावितहरुको आवश्यकता अनुसार राहत दिन सुझाव दिइ जिल्ला बिपद् व्यवस्थापन समिति मार्फत एकद्धार प्रणाली अबलम्बन गर्ने ।
- प्रारम्भिक द्रुत लेखाजोखा ।

**१०. समन्वयात्मक व्यवस्थापकीय तयारी (Coordination and Management) :-**

जिल्लामा वर्षायामको समयमा हुने बिपद् पुर्वतयारीका लागि सरोकारवाला सबै निकायहरुसँग समन्वय तथा छलफल गरी सबैले आ-आफ्नो तयारी निम्न अनुसार गरिने छ ।

- सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल)ले उपलब्ध श्रोत साधन सहित बिना शर्त खटिन सक्ने अवस्थामा रहने ।
- नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, उद्योग बाणिज्य संघ, गैरसरकारी संस्था महासंघ लगायत संघ/संस्थाहरुबाट बाढी पहिरोका बिपद् उद्धारसँग सम्बन्धित श्रोतहरु जुटाई जिल्ला आपत्कालिन कार्य संचालन केन्द्रमा स्टक रोस्टर कायम गरिने ।
- जिल्ला प्रशासन कार्यालय तथा जिल्ला समन्वय समिति, सडक डिभिजन कार्यालय, Heavy Equipments व्यवसायी संघको समन्वय तथा पहलमा जिल्लामा उपलब्ध डोजर, क्रेन (Heavy Equipments) परेको समयमा मद्दतका लागि जान सक्ने हालतमा रहनेछन् । उपलब्ध भएसम्म हरेक संकटनसन्न क्षेत्रको उपयुक्त स्थानमा कम्तीमा पनि १/१ वटा रहने ।
- जिल्ला जनस्वास्थ्य कार्यालयले आफ्नो मातहतका सबै स्वास्थ्य केन्द्रहरु, स्थानीय तहमा रहेका स्वास्थ्य शाखामा औषधी तथा उपकरणहरु सहित मेडिकल टिम सर्ट नोटिसमा खटिन सक्ने गरी निर्देशन दिइ तयारी अवस्थामा राख्ने ।
- जिल्लाका यातायात व्यवसायी संघहरुले जिल्ला प्रशासन कार्यालयबाट मागेको बखत आवश्यक सवारी साधन जुटाउने ।
- जिल्लाका अन्य सबै सेवाग्राही सरकारी कार्यालयहरुले आवश्यकता अनुसार सेवा दिन घटनास्थलमा सिघ्र परिचालित हुन श्रोत साधन तयारी हालतमा रहने छ ।
- तत्काल राहत तथा पुर्नस्थापनाको लागि उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ, स्थानीय संघ संस्थाहरुलाई पूर्व जानकारी दिई राहत जुटाउन अग्रसर गराइने र एकद्धार प्रणालीबाट राहत वितरण व्यवस्थापन मिलाइने छ ।
- पत्रकार महासंघ/सम्पूर्ण मिडियाको तर्फबाट बिपदको द्रुत प्रसार गरी सर्वत्र सचेत गराउने र राहत संकलन एवं व्यवस्थापन कार्यमा मद्दत पुऱ्याउने ।
- जिल्ला समन्वय समितिको समन्वयमा स्थानीय तहमा संकलित नगद तथा जिन्सी राहत सामाग्री जिल्ला विपद् व्यवस्थापन समितिको निर्देशनमा उचित भण्डारण तथा पारदर्शी व्यवस्थापन मिलाउन मद्दत गर्ने ।

- सुरक्षा निकायहरु, सरकारी निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरु समेत Cluster system मार्फत विपद प्रतिकार्य गर्ने कार्यमा आवद्ध गरिएको र District –Disaster Response System मा सव निकायहरु र Cluster हरुले Disaster Response कार्यमा प्रभावकारीता हासिल गरेको कामलाई उचित मुल्याङ्कन गरिने ।
- जिल्लामा रहेका सबै साधन श्रोतहरुको स्टक विवरण, बितरण विवरण तथा अन्य सबै किसिमका सुचनाहरुलाई जिल्ला आपत्कालिन कार्य संचालन केन्द्रमा सुचित गरी राखिनेछ र सोको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक मार्फत बैठकमा जानकारी गराईने ।

## ११. चुनौती :-

- जिल्लाको अधिकांश भु-भागमा मनसुनको समयमा सजिलै जान सकिने अवस्था नहुनु ।
- वर्षायाममा जिल्लाको अधिकांश गा.पा.का वार्डहरुमा यातायात पुग्न नसक्नु ।
- जनचेतनाको कमी रहनु ।
- खोज तथा उद्धार कार्यमा प्रयोग हुने उपकरण तथा सामाग्रीको कमी हुनु ।
- कच्ची सडक/बाटाहरुमा बाढीका कारण कटान हुने खतरा ।
- मनसुन शुरु हुनु पूर्व नै पुल निर्माणको कार्य नसकिनु ।
- बाटोको कारण बारुण यन्त्र सबै क्षेत्रमा पुग्न नसक्नु ।
- उपरोक्त चुनौतीका बिच पनि आपतकालिन उद्धार तथा राहत व्यवस्थापनलाई समन्वयात्मक तवरबाट उच्च प्राथमिकतामा राखी मानवीय सेवा कार्यलाई सम्बोधन गरिने छ ।

**दार्चुला जिल्लाको प्रकोप पूर्वतयारीका लागि उपलब्ध स्रोत साधन विवरण :**

| क स | नेपाली सेना | | नेपाल प्रहरी | | शसस्त्र प्रहरी | | नेपाल रेडक्रस सोसाइटी | | जिल्ला प्रसासन कार्यालय | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उपलब्ध सामाग्रीहरु | थान | सामाग्रीहरु | थान | सामाग्रीहरु | थान | सामाग्रीहरु | थान | उपलब्ध सामाग्रीहरु | थान |
| १ | लाइफ ज्याकेट | ३४ थान | लाइफ ज्याकेट | १३ | लाइफ ज्याकेट | १२ | त्रिपाल | ५० थान | त्रिपाल | ८३ थान |
| २ | क्यारेबिना | 12 | क्यारेबिना | २ | क्यारेबिना | 6 | कपडा | १५०० मी. | | |
| ३ | प्लाष्टिक | ५ | बेल्चा | ६८ | हेन्ड टर्च | २ | कम्बल | ५० थान | | |
| ४ | बाल्टी | ३ | गैटी | ४४ | हेन्ड माइक | २ | साडी | ५० थान | | |
| ५ | टयुव रबर | २ | घन | ५७ | नाइलन डोरी | १२ | भाडाकुडा | ५० थान | | |
| ६ | टर्च लाइट | १ | छिना | ७१ | टेन्ट | ४ | डोरी | १०० मी. | | |
| ७ | पाल | १ | साबेल | ७० | प्लाष्टिक हेलमेट | १२ | स्टेचर | ५ थान | | |
| ८ | हेलमेट | २ | टेन्ट | ३ | स्टेचर | १० | | | | |
| ९ | पन्जा | २ | पलास | ६ | सिटि | ४ | | | | |
| १० | लाइफ ज्याकेट | ३ | फरुवा | ७ | सावेल | ४ | | | | |
| ११ | रोप | २०० | हसिया | ४ | बाल्टी | ५ | | | | |
| १२ | टयुब | १ | पन्जा | ३४ | फरुवा | ८ | | | | |
| १३ | स्टेचर | १ | अग्निनासक | २ | गल | ४ | | | | |
| १४ | क्यारेबिना | २ | First Aid Kits | २ | First Aid Kits | ५ | | | | |
| १५ | फिगर ८ क्याराबिना | २ | डोरी | ३० | प्लाष्टिक ग्लोभ | ८ | | | | |
| १६ | पिक साबेल | १ | स्टेचर | ११ | सेप्टी भेष्ट | ५ | | | | |
| १७ | हयाम्बर | १ | टयुब | ३ | गैचि | ४ | | | | |
| १८ | बन्चरो | १ | साने ठेला गाडी | १ | पोलिभ्याट | ३ | | | | |
| १९ | गर्ल | १ | सिडी | १ | हुक डोरी | ६ | | | | |
| २० | म्याट मी. | ५ | | | थ्रो ब्याक | १ | | | | |

## जिल्लामा उपलब्ध खोज तथा उद्धारका समाग्रीहरु (Heavy Equipments} :

| क स | विवरण | उपलब्ध साधन स्रोतको मात्रा | उपलब्ध हुने निकाय |
|---|---|---|---|
| १ | एक्साभेटर | १ वटा | मालिकार्जुन गाँउपालिका |
| २ | एक्साभेटर | १ वटा | लेकम गाँउपालिका |
| ३ | एक्साभेटर | १ वटा | नौगाड गाँउपालिका |
| ४ | एक्साभेटर | १ वटा | मार्मा गाँउपालिका |
| ५ | एक्साभेटर | १ वटा | दुहुँ गाउँपालिका |
| ६ | एक्साभेटर/लोडर | २/२ वटा | राजेन्द्र निर्माण सेवा खलंगा |
| ७ | एक्साभेटर | १ वटा | के एस कन्सट्रक्सन |
| ८ | एक्साभेटर | १ वटा | थेगिम कन्सट्रक्सन |
| ९ | दमकल | १ वटा | महाकालि नगरपालिका |
| १० | एम्बुलेन्स | ६ वटा | अस्पताल, स्वास्थ्य चौकी,, नगरपालिका, गाउपालिका |
| ११ | यातायात साधन बस, ट्रक जीप, टयाक्टर | प्रशस्त मात्रामा | यातायात समिति सँग समन्वय गरी भाडामा चलाउने । |

## जिल्लामा क्षेत्रगत निकायहरुको सम्पर्क सुची :

| क्र.सं. | बिषयगत क्षेत्रहरु (Clusters) | क्षेत्रगत अगुवा (Cluster Lead) | जिम्मेबार व्यक्ति (Responsible Person) | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | सूचना, संचार तथा समन्वय | जिल्ला विपद् व्यवस्थापन समिति | प्रमुख जिल्ला अधिकारी | ९८५८७२७७७७<br>०९३४२०१३ |
| २ | खोज तथा उद्धार | सुरक्षा निकाय | सेनानी<br>प्रनाउ<br>सप्रनाउ | ९८५७६५००१८<br>९८५८७२५५५५<br>९८४११९१०० |
| ३ | आपतकालीन आवास तथा गैर खाद्य सामग्री | नेपाल रेडक्रस सोसाइटी | सभापति | ९७४९५०७५४६ |
| ४ | स्वास्थ्य तथा पोषण | जिल्ला जनस्वास्थ्य कार्यालय | जिल्ला जनस्वास्थ्य अधिकृत | ९८४५५९३३२२ |
| ५ | खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धन | खानेपानी तथा सरसफाइ सव डिभिजन कार्यालय | सव डिभिजन प्रमुख | ९८४८८७९०७४ |
| ६ | खाद्य सुरक्षा तथा जीविकोपार्जन | जिल्ला कृषि बिकास कार्यालय | वरिष्ठ कृषि बिकास अधिकृत | ९८४१५४८३८४ |
| ७ | आपतकालीन शिक्षा | जिल्ला शिक्षा समन्वय इकाइ | जिल्ला शिक्षा इकाई प्रमुख | ०९३४२०१३५ |
| ८ | पुनर्स्थापना, पुनर्निमाण तथा प्रबन्धगत (Logistics) व्यवस्थापन | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी<br>जि.स.स. प्रमुख | ९८४१३६८४१८ |
| ९ | संरक्षण | महिला तथा बालबालिका कार्यालय | महिला बिकास अधिकृत | ०९३४२०११४ |

## बर्षामापन केन्द्र :

| क्रस | अवलोकनकर्ताको नाम | क्षेत्र | नदी, स्थान | टेलिफोन नम्बर | स्टेसन | अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| महाकाली चमेलिया नौगाड नदी आसपासमा भएका बर्षा मापन केन्द्रहरु | | | | | | | |
| १ | जनक राज अवस्थी | खलगां | महाकाली | ९८६८४६६३५२ | ०१०७ | सुचारु | पानी नाप्ने |
| २ | खडक सिंह ठगुन्ना | लुम्थी | महाकाली | ९७४५०६०६४६ | ०१०९ | सुचारु | आकस्मीक पानी नाप्ने |
| ३ | भुपेन्द्र बहादुर चन्द | धरमपानी | महाकाली | ९७४९५४०८४० | ०१११ | सुचारु | पानी नाप्ने |
| ४ | सुनिता बिष्ट | गोकुलेश्वर,नयाँबण्डी | महाकाली | ९८६०१०३५१५ | ०१२५ | सुचारु | पानी नाप्ने |
| ५ | लालसिहं सित्तोली | दल्लेखधार | महाकाली | ९७४७९८९४४२ | ०११० | सुचारु | पानी नाप्ने |

## नदी जल सतह मापन केन्द्र :

| क्रस | गेज रिडरको नाम | रिभर गेज स्टेशन | गेज रहेको स्थान | टेलिफोन नम्बर | अवस्था |
|---|---|---|---|---|---|
| महाकाली नदी | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कृष्ण सिंह नगारी | महाकाली नदी दत्तु | पीलरमा गेज पाता जडान गरिएको | ९७४९५२४८५१ | सुचारु ठीक छ |

**हाल कायम रहेको स्थानीय तहका प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतहरुको सम्पर्क सुचि (जिल्ला समन्वय/न.पा./गा.पा.)**

| क स | गाउँपालिका / नगरपालिका जिल्ला समन्वय समितिको नाम | सम्पर्क व्यक्तिको नाम | सम्पर्क व्यक्तिको फोन नम्बर | सर्म्पक व्यक्तिको पद | इमेल नं |
|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति दार्चुला | करविर सिंह कार्की | ९७४९५०७८३७<br>९८४८८२९६७६ | जि.स.स प्रमुख | ddc.darchula@gmail.com |
| ३ | जिल्ला समन्वय समिति दार्चुला | पवन तिमिल्सिना | ९८४१३६८४१८ | जि.स.अधिकृत | ddc.darchula@gmail.com |
| ४ | जिल्ला समन्वय समिति दार्चुला | युवराज जोशी | ९७४९५०३३२८ | सुचना अधिकृत | ddc.darchula@gmail.com |
| ५ | महाकाली नगरपालिका | हंस राज भट्ट | ९८५८७५१०५५ | मेयर | mmdarchula@gmail.com |
| ६ | महाकाली नगरपालिका | सुना बोहरा | ९७४९५२२८२२ | उपमेयर/ | mmdarchula@gmail.com |
| ७ | महाकाली नगरपालिका | खेमराज देवकोटा | ९८५८७२०१११ | प्रमुख प्रसासकिय अधिकृत | mmdarchula@gmail.com |
| ७ | महाकाली नगरपालिका | बिरेन्द्र सिंह धामी | ९८४८८९६१३५ | सुचना अधिकारी | mmdarchula@gmail.com |
| ८ | दुहुँ गाउँपालिका | पुलेन्द्र बहादुर कार्की | ९७४९५०३४५० | अध्यक्ष | duhunrm@gmail.com |
| ९ | दुहुँ गाउँपालिका | ईश्वरी जोशी | ९७४९५२३७४४ | उपाध्यक्ष | duhunrm@gmail.com |
| १० | दुहुँ गाउँपालिका | राजेन्द्र बहादुर सिंह | ९७४९११७४५५ | प्रमुख अधिकृत | duhunrm@gmail.com |
| ११ | ब्यास गाँउपालिका | दिलिप सिंह बुढाथोकी | ९७४९५०३५०० | अध्यक्ष | |
| १२ | ब्यास गाँउपालिका | हेमा भट्ट | ९८४८८५६४०५।<br>९७४९५०९०९० | उपाध्यक्ष | |
| १३ | ब्यास गाँउपालिका | राम दत्त जोशी | ९८४८७६०३६० | कार्यकारी अधिकृत | |
| १४ | मालिकार्जुन गाउँपालिका | नरेन्द्रसिह धामी | ९८४१५२६०१२ | अध्यक्ष | narendrasingdhami13@gmail.com |
| १५ | मालिकार्जुन गाउँपालिका | पुष्पा अवस्थी | ९७४९५२३६६२ | उपाध्यक्ष | mrmdarchula@gmail.com.com |
| १६ | मालिकार्जुन गाउँपालिका | सन्तोष कुमार भट्ट | ९७५९५०३७७१ | कार्यकारी अधिकृत | mrmdarchula@gmail.com.com |
| १७ | लेकम गाउँपालिका | परमानन्द जोशी | ९७४९५०५४५६ | अध्यक्ष | lekamr.mun@gmail.com |
| १८ | लेकम गाउँपालिका | माधबी जोशी | ९७४११२७६४१ | उपाध्यक्ष | lekamr.mun@gmail.com |
| १९ | लेकम गाउँपालिका | | | कार्यकारी अधिकृत | lekamr.mun@gmail.com |
| २० | शैल्य शिखर नगरपालिका | अम्मर सिंह धामी | ९८५८७५१५६२ | मेयर | shailyashikhar.gov@gmail.com |
| २१ | शैल्य शिखर नगरपालिका | राजमति पाल | ९८४८८३७६३६ | उपमेयर/ | shailyashikhar.gov@gmail.com |
| २२ | शैल्य शिखर नगरपालिका | | | कार्यकारी अधिकृत | shailyashikhar.gov@gmail.com |
| २३ | मार्मा गाउँपालिका | जमन सिंह धामी | ९७४९५०३४८६ | अध्यक्ष | panerutaranath@gmail.com |
| २४ | मार्मा गाउँपालिका | बागमति ठगुन्ना | ९७४९६०४०७९ | उपाध्यक्ष | panerutaranath@gmail.com |
| २५ | मार्मा गाउँपालिका | | | कार्यकारी अधिकृत | panerutaranath@gmail.com |
| २६ | अपी हिमाल गाउँपालिका | धर्मानन्द मन्याल | ९७५१०३१५१५ | अध्यक्ष | apihimaldarchula@gmail.com |
| २७ | अपी हिमाल गाउँपालिका | उर्मिला बोहोरा | ९८६५९०२९०० | उपाध्यक्ष | apihimaldarchula@gmail.com |
| २८ | अपी हिमाल गाउँपालिका | जय सिंह धामी | ९८४५३६८५६८ | कार्यकारी अधिकृत | apihimaldarchula@gmail.com |
| २९ | नौगाड गाउँपालिका | प्रेम सिंह धामी | ९७५९५००९७६ | अध्यक्ष | naugaad@gmail.com |
| ३० | नौगाड गाउँपालिका | गौरी ठगुन्ना | ९७४९६१४११० | उपाध्यक्ष | naugaad@gmail.com |
| ३१ | नौगाड गाउँपालिका | मोहन सिंह धामी | ९७५९५०३७७२ | कार्यकारी अधिकृत | mohandhami@gmail.com |

## जिल्ला स्थित एम्बुलेन्स सेवाको विवरण

| क स | सम्पर्कव्यक्तिको नाम | पद | संस्था | प्राथमिक फोन नं | बैकल्पिक सर्म्पक नं | बैकल्पिक सम्पर्कको नाम | बैकल्पिक फोन नम्बर |
|---|---|---|---|---|---|---|---|
| १ | धनसिहं विष्ट | चालक | जिल्ला स्वास्थ्य कार्यालय | ९७४९५१६९४९ | ०९३४२०१८८<br>०९३४२०३०८ | हरि ठगुन्ना | ९७४९५७२००७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | मदन सिंह धामी | चालक | गोकुलेश्वर अस्पताल | ९८४८९०४८१९ | ०९३३००८१<br>०९३४०००८८ | | ९८४८८४०५०० |
| ३ | गोबिन्द सिंह धामी | चालक | स्वास्थ्य चौकी शंकरपुर पस्ती | ९८६५९८६०८३ | | राजेन्द्र समान्त | ९८६८८६५९४४ |
| ४ | अम्मर सिहं धामी | चालक | शैल्यशिखर न.पा. ६ | ९८६५६७०८८२ | ९८६५८०५४६० | दान सिह धामी | ९८६५७४९७४९ |
| ५ | नरसिंह धामी | चालक | मार्मा २ लटिनाथ | ९७४९५२४३६९ | ९७५९५०७४०९ | चक सिंह धामी | ९७५९५०७४०९ |
| ६ | हरक सिंह धामी | चालक | ग्वानी शैल्यशिखर नगरपालिका | ९८६५८०५४६० | | | |

**जिल्लामा रहेको दमकल सेवा विवरण**

| क.स. | सम्पर्क व्यक्तिको नाम | पद | संस्था | प्राथमिक फोन नं | बैकल्पिक सर्पक नं. |
|---|---|---|---|---|---|
| १ | पदम राज जोशी | चालक | महाकाली नगरपालिका | ९८४०३६५९३५ | ०९३४२०१३७ |

**नेपाल रेडक्रस सोसाइटी दार्चुला जिल्ला शाखामा तालिम प्राप्त जनशक्तिहरुको विवरण :**

| सि.नं. | विवरण | उपलब्ध संख्या |
|---|---|---|
| १ | राष्टिय बिपद् प्रतिकार्य समुह स्वंसेवक | ४ |
| २ | जिल्ला बिपद् प्रतिकार्य समुह स्वंसेवक | २ |
| ३ | प्राथमिक उपचार : प्राथमिक उपचार प्रशिक्षक | ४ |
| ४ | आधारभूत प्राथमिक उपचारक | ६० |
| ५ | आधारभुत पानिजन्य (BWRT) स्वयंसेवक | २५ |
| ६ | जुनियर/युवा सर्कल | ३०/१६ |
| ७ | पारिवारीक सम्पर्क पुनःस्थापना | ३ |
| ८ | उपशाखा | १२ |
| ९ | कर्मचारी | २ |
| १० | रक्तसञ्चार सेवा केन्द्र | २ |
| ११ | जिल्ला शाखाको भवन | ३ |
| १२ | उपशाखा भवन | २ |

**दुर्गा दल गुल्म दार्चुला तालिम प्राप्त जनशक्तिहरुको विवरण :**

| सि.नं. | विवरण | उपलब्ध संख्या |
|---|---|---|
| १ | बिपद् व्यवस्थापन तालिम प्राप्त | १४ |

**जिल्ला प्रहरी कार्यालय दार्चुला तालिम प्राप्त जनशक्तिहरुको विवरण :**

| सि.नं. | विवरण | उपलब्ध संख्या |
|---|---|---|
| १ | बिपद् व्यवस्थापन तालिम प्राप्त | ६ |

**सशस्त्र प्रहरी सिमा सुरक्षा गुल्म दार्चुला तालिम प्राप्त जनशक्तिहरुको विवरण :**

| सि.नं. | विवरण | उपलब्ध संख्या |
|---|---|---|
| १ | बिपद् व्यवस्थापन तालिम प्राप्त | १५ |

# मनसुन पूर्वतयारी कार्य योजना २०७५

## खोज उद्धार, पूर्व तयारी प्रतिकार्य तथा समन्वय : जिल्ला प्रशासन कार्यालय प्रमुख जिल्ला अधिकारी

| सि.नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाढी, पहिरो बाट जोखिममा रहेका बस्तीहरुको पहिचान गरी पुर्व सुचना दिने र समुदायमा रहेका संचार माध्यमबाट प्रचार प्रसार गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | ♦ जल तथा मौषम बिज्ञान बिभागका स्थानीय हावापानी फिल्ड ईकाई केन्द्र<br>♦ सुरक्षा निकायहरु<br>♦ जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र<br>♦ नेपाल रेडक्रस सोसाइटी | मनसुन शूरुहुनु पुर्ब समय देखि निरन्तर | |
| २ | ईक्वीपमेन्ट सहित आबश्यक न्यूनतम उद्धार सामाग्री सहित खोज तथा उद्धार योजना तयारी गर्ने | सुरक्षा निकायहरु खोज तथा उद्धारमा संलग्न निकायहरु | ♦ सडक डिभिजन कार्यालय, जि.स.स.,<br>♦ Heavy Equipment व्यवसायी संघ | अषाढको पहिलो हप्ता | |
| ३ | मनसुन पुर्बतयारी योजना तर्जुमा गरी वेभसाईटमा राखी NEOC मा पठाउने | जिल्ला विपद् व्यवस्थापन समिति | ♦ जिल्ला अगुवा सहयोगी संस्था<br>♦ सरकारी तथा गैह्सरकारी संघ संस्था | अषाढ पहिलो हप्ता | |
| ४ | जिल्ला आपत्कालिन कार्य संचालन केन्द्रलाई सचेत अवस्थामा राख्ने | जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र, DDMC | ♦ NEOC (National Emergency Operation Center) राष्ट्रिय आपत्कालिन कार्य संचालन केन्द्र<br>♦ नेपाल रेडक्रस सोसाइटी | निरन्तर | |
| ५ | राहत सामाग्रीहरुको उचित भण्डारण गर्ने तथा जिल्लामा भएको भण्डारणको अनुगमन गरी अध्याधिक गर्ने | जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र जिल्ला विपद् व्यवस्थापन समिति | ♦ नेपाल रेडक्रस सोसाइटी | अषाढको पहिलो हप्ता | |
| ६ | जिल्ला विपद् व्यवस्थापन राहत कोषमा न्यूनतम रकम राख्ने | जिल्ला विपद् व्यवस्थापन समिति | ♦ जिल्ला प्रशासन कार्यालय<br>♦ जिल्ला समन्वय समिति | निरन्तर | |
| ७ | सुरक्षा निकायहरुलाई तैनाथी अवस्थामा राख्ने | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल | ♦ जिल्ला प्रशासन कार्यालय<br>♦ जिल्ला विपद् व्यवस्थापन समिति | निरन्तर | |
| ८ | मुख्य नदिहरुमा बाढीको बहाव मापन गरी जिल्ला आपत्कालिन कार्य संचालन केन्द्रमा सुचना दिने | ♦ जल तथा मौषम बिज्ञान बिभागका स्थानीय ईकाई कार्यालय<br>♦ जिल्ला आपत्कालिन कार्य | ♦ जल तथा मौसम बिज्ञान बिभाग<br>♦ जलमापन केन्द्रहरु<br>♦ बर्षा मापन केन्द्र<br>♦ NEOC (National Emergency Operation Center) राष्ट्रिय आपत्कालिन कार्य संचालन केन्द्र | निरन्तर | |
| ९ | बिपद्को समयमा साझा फ्रिक्वेन्सी प्रयोग गर्ने | ♦ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल<br>♦ ने.रे.सो. जिल्ला शाखा | ♦ जिल्ला प्रशासन कार्यालय<br>♦ NEOC (National Emergency Operation Center) राष्ट्रिय आपत्कालिन कार्य संचालन केन्द्रले समन्वय गरी उपलब्ध गराउने | मनसुनको समयमा | |
| ११ | स्थानीय स्वयंसेवकको गठन गर्ने | ♦ DDMC/DEOC | ♦ ने.रे.सो., जिल्ला क्लष्टर निकायहरु | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| **राहत,पुनस्थापना, पुनर्लाभ : जिल्ला समन्वय समितिमा स्थानीय तहहरु सबै** | | | | | |
| १ | सामुदायिक एफ.एम. लगायत स्थानीय मिडिया मार्फत मनसुन पुर्बतयारी प्रचार प्रसार अभियान संचालन गर्ने | जि.स.स./ न.पा./गा.पा. | ♦ स्थानीय बिपद व्यवस्थापन समिति, स्थानीय तह<br>♦ स्थानीय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु | अषाढको ज्ञकत हप्तादेखि निरन्तर | |
| २ | जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी आबश्यक सतर्कता अपनाउने | जि.स.स./ न.पा./गा.पा. | ♦ स्थानीय बिपद व्यवस्थापन समिति, स्थानीय तह<br>♦ स्थानीय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु | निरन्तर | |
| ३ | स्थानीय स्तरमा तालीम प्राप्त स्वयंसेवक पहिचान गरी तयारी तथा परिचान गर्ने | जि.स.स./ न.पा./गा.पा. | ♦ स्थानीय बिपद व्यवस्थापन समिति, स्थानीय तह<br>♦ स्थानीय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु | निरन्तर | |
| ४ | बिपद्को पुर्वानुमान गरी न्युनतम बन्दोबस्तीका सामाग्रीहरु व्यवस्थापन गर्ने | जि.स.स./ न.पा./गा.पा. | ♦ स्थानीय बिपद व्यवस्थापन समिति, स्थानीय तह<br>♦ स्थानीय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु | अषाढको दोश्रो हप्ता भित्र | |
| ५ | अस्थायी आवास व्यवस्थापनका लागि सरोकारवाला निकायमा सहजीकरणमा सहयोग गर्ने | जि.स.स./ न.पा./गा.पा. | ♦ स्थानीय बिपद व्यवस्थापन समिति, जिल्ला बन कार्यालय<br>♦ निर्माण व्यवसायी संघ कार्यालय<br>♦ स्थानीय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु | अषाढको दोश्रो हप्ता भित्र | |
| **अस्थायी आवास तथा गैर खाद्य सामाग्री व्यवस्थापन : ने.रे.सो. दार्चुला शाखा** | | | | | |
| १ | जिल्लामा बिपद् जोखिम क्षेत्रको पहिचान गर्ने | ♦ नेपाल रेडक्रस सोसाइटी | ♦ DDMC, सुरक्षा निकायहरु<br>♦ नेपाल रेडक्रस सोसाइटी | अषाढको पहिलो हप्ता भित्र | |
| २ | अस्थायी आवास योजनाको लागि सुरक्षित स्थानको | ♦ नेपाल रेडक्रस सोसाइटी | ♦ जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरु<br>♦ जिल्ला समन्वय समिति, नेपाल रेडक्रस सोसाइटी | अषाढको पहिलो हप्ता भित्र | |
| ३ | आपत्कालिन अवस्थामा अस्थायी आवास निर्माणका लागि प्राबिधिक सहयोग गर्ने | ♦ नेपाल रेडक्रस सोसाइटी | ♦ गा.पा./ना.पा.<br>♦ नेरेसो | निरन्तर | |
| ४ | अस्पताल, बिद्यालय, सुरक्षा निकाय तथा मानवीय आवश्यक्ताका सामाग्री भण्डारणका लागि क्याम्प व्यवस्था गर्ने | ♦ नेपाल रेडक्रस सोसाइटी | ♦ सेल्टर क्लष्टर सदस्यहरु<br>♦ नेरेसो<br>♦ गा.पा./ना.पा. | अषाढको पहिलो हप्ता भित्र | |
| ५ | प्रत्येक घना बस्तीको लागि एउटा खुल्ला क्षेत्रको पहिचान गरी निर्देशिका तयार गर्ने | ♦ नेपाल रेडक्रस सोसाइटी | ♦ जि.स.स., गा.पा., न.पा., गा.पा., सेल्टर क्लष्टर<br>♦ ने.रे.सो. | मनसुन शुरुहुनु पुर्ब | |
| ६ | तत्काल राहत बितरणका लागि गैह्र खाद्य सामाग्री व्यवस्थापन गर्ने | ♦ नेपाल रेडक्रस सोसाइटी | ♦ जिल्ला विपद् व्यवस्थापन समिति<br>♦ संघ संस्थाहरु, क्षेत्रगत सदस्य | अषाढको पहिलो हप्ता भित्र | |
| ७ | आपत्कालिन प्रतिकार्य योजना कार्यान्वयन गर्ने | ♦ नेपाल रेडक्रस सोसाइटी | ♦ जि.प्र.का, जि.स.स., गा.पा., न.पा., गा.पा.<br>♦ ने.रे.सो. | बिपद् पश्चात | |

| | | | | | |
|---|---|---|---|---|---|
| **स्वास्थ्य तथा पोषण : जिल्ला जनस्वास्थ्य कार्यालय, स्थानीय तहका स्वास्थ्य सेवा शाखा** | | | | | |
| १ | स्वास्थ्य सम्वन्धि रोष्टर व्यवस्थापन | ♦ जिल्ला जनस्वास्थ्य कार्यालय<br>♦ अस्पतालहरु | ♦ क्लष्टर सदस्यहरु सदस्यहरु | अषाढ पहिलो हप्ता | |
| २ | सरुवा रोग फैलन नदिन तयारी अवस्थामा रहने तथा सतर्कता अपनाउने | ♦ जिल्ला जनस्वास्थ्य कार्यालय<br>♦ अस्पतालहरु | ♦ स्थानीय स्वास्थ्य संस्था<br>♦ महिला स्वास्थ्य स्वयंसेबिका | निरन्तर | |
| ३ | अत्याबश्यक औषधी तथा औषधीजन्य सामाग्री व्यवस्थापन (बफर स्टक राखिएको) | ♦ जिल्ला जनस्वास्थ्य कार्यालय<br>♦ अस्पतालहरु | ♦ स्वास्थ्य सेवा बिभाग<br>♦ अस्पतालहरु | अषाढको पहिलो हप्ता | |
| ४ | रक्त संचार सेवा केन्द्रको अनुगमन तथा रगत भण्डारणको व्यवस्था मिलाउने | ♦ ने.रे.सो. | ♦ जिल्ला जनस्वास्थ्य कार्यालय<br>♦ अस्पतालहरु | निरन्तर | |
| **खाद्य सामाग्री : जिल्ला कृषि बिकास कार्यालय, स्थानीय तहका कृषि बिकास शाखा** | | | | | |
| १ | खाद्य सामाग्रीको मौज्दात विवरण अध्यावधिक गर्ने | ♦ जिल्ला कृषि बिकास कार्यालय | उद्योग बाणिज्य संघ, प्रशासन, गैर सरकारी संस्थाहरु | अषाढको पहिलो हप्ता | |
| २ | आयोडिन युक्त नुनको आपुर्ती व्यवस्थापन गर्ने ( कम्तीमा १ महिनाको लागि) | ♦ जिल्ला कृषि बिकास कार्यालय | उद्योग बाणिज्य संघ, प्रशासन, गैर सरकारी संस्थाहरु | निरन्तर | |
| ३ | आफ्नो मातहतमा रहेको सवारी साधन, कृषि प्राबिधिकहरुलाई तयारी अवस्थामा राख्ने | ♦ जिल्ला कृषि बिकास कार्यालय | उद्योग बाणिज्य संघ, प्रशासन, गैर सरकारी संस्थाहरु | निरन्तर | |
| ४ | मनसुनको समयमा हुनसक्ने सम्भावित क्षती तथा प्रकोपका बारेमा सामुदायिक संचार माध्यमबाट प्रचार प्रसारको व्यवस्था मिलाउने | ♦ जिल्ला कृषि बिकास कार्यालय | जिल्ला विपद् व्यवस्थापन समिति<br>उद्योग बाणिज्य संघ | मनसुन शुरु हुनु पुर्बको समय देखि निरन्तर | |
| **जिल्ला पशु सेवा कार्यालय तथा स्थानीय तहका पशु सेवा शाखा : बिपद्को समयमा पशुपक्षीजन्य रोगहरु तथा सो सम्वन्धि व्यवस्थापन** | | | | | |
| १ | पशुपंक्षीबाट हुन सक्ने संक्रामण बिरुद्ध खोप कार्यक्रम | ♦ पशु सेवा कार्यालय | सेवा केन्द्रहरु | नियमित | |
| २ | पशुपंक्षीबाट हुन सक्ने संक्रामक रोग नियन्त्रण | ♦ पशु सेवा कार्यालय | सेवा केन्द्रहरु, क्वारेन्टाईन चेकपोष्ट<br>उद्योग बाणिज्य संघ | नियमित | |
| ३ | वर्ड फ्लु नियन्त्रण | ♦ पशु सेवा कार्यालय | सेवा केन्द्रहरु, क्वारेन्टाईन चेकपोष्ट, ह्याचरी उघोग संघ | नियमित | |
| ४ | मृत पशुपंक्षी व्यवस्थापन | ♦ पशु सेवा कार्यालय | सेवा केन्द्रहरु, नेपाल प्रहरी, ह्याचरी उघोग संघ | बिपद पश्चात | |
| ५ | राहत बितरण | ♦ पशु सेवा कार्यालय | DDMC, जि.स.स., न.पा., गा.पा., सेवा केन्द्रहरु | बिपद पश्चात | |
| ६ | टोल फ्रि टेलीफोन संचालन | ♦ पशु सेवा कार्यालय | पशु सेवा कार्यालय | नियमित | |
| ७ | जनशक्ति परिचालन | ♦ पशु सेवा कार्यालय | DDMC, जि.स.स., न.पा., गा.पा. सेवा केन्द्रहरु | आबश्यक्तानुसार | |

| | | | | | |
|---|---|---|---|---|---|
| **संरक्षणः महिला तथा बालबालिका कार्यालय, स्थानीय तहका महिला तथा बालबालिका शाखा** | | | | | |
| २ | संरक्षण बिषयगत क्षेत्रको रणनीतिक योजना निर्माण गर्ने | ♦ महिला तथा बालबालिका कार्यालय | ♦ cluster Members | अषाढको पहिलो हप्ता | |
| ३ | Dignity Kit तयारी अवस्थामा राख्ने (१७२ किट तयारी अवस्थामा रहेको) | ♦ महिला तथा बालबालिका कार्यालय | ♦ cluster Members | अषाढको पहिलो हप्ता | |
| ४ | Children kit स्थानीय स्तरबाट नै बितरणको व्यवस्था मिलाईने | ♦ महिला तथा बालबालिका कार्यालय | ♦ cluster Members as per need | बिपद पश्चात | |
| ५ | परिवारबाट बिछोडिएका, अभिभावक गुमाउन सक्ने बालबालिकाका लागि तत्काल राहत तथा बन्दोबस्ती उपलब्ध गराउन सक्ने गरी रकमको व्यवस्था गर्ने | ♦ महिला तथा बालबालिका कार्यालय | ♦ cluster Members | अषाढको पहिलो हप्ता | |
| **खानेपानी, स्वच्छता तथा सरसफाई : खानेपानी तथा सरसफाई डिभिजन कार्यालय** | | | | | |
| १ | जिल्लामा बिपद् जोखिम क्षेत्रको पहिचान गर्ने | ♦जिल्ला खानेपानी तथा सरसफाई कार्यालय | ♦ Cluster Members<br>♦ V-WASH CC | अषाढको पहिलो हप्ता | |
| २ | बिपद्को समयमा सुरक्षित खानेपानीका लागि आवश्यक व्यवस्थापन गर्ने | ♦जिल्ला खानेपानी तथा सरसफाई कार्यालय | ♦ V-WASH CC<br>♦ D-WASH CC<br>♦ DDMC | नियमित | |
| ३ | आपत्कालिन अवस्थामा अस्थायी शौचालय निर्माणका लागि प्राबिधिक सहयोग गर्ने (आवास व्यवस्थापन क्षेत्रसँग सन्वय गर्ने) | ♦जिल्ला खानेपानी तथा सरसफाई कार्यालय | ♦ जिल्ला प्राबिधिक कार्यालय<br>♦ V-WASH CC | बिपद पश्चात | |
| ४ | बैकल्पिक खानेपानीको श्रोतको पहिचान गर्ने | ♦जिल्ला खानेपानी तथा सरसफाई कार्यालय | ♦ जि.स.स., जिल्ला प्राबिधिक कार्यालय<br>♦ खानेपानी तथा सरसफाई उपभोक्ता समिति<br>♦ स्थानीय तहका खा.पा.उ.स. | अषाढको पहिलो हप्ता | |
| ५ | अस्पताल, बिद्यालय, सुरक्षा निकाय तथा मानवीय आवास क्षेत्रमा WASH KIT व्यवस्था गर्ने | ♦जिल्ला खानेपानी तथा सरसफाई कार्यालय | ♦ जिल्ला खानेपानी, स्वच्छता तथा सरसफाई समन्वय समिति, ने.रे.सो., गैर संघसंस्था | अषाढको पहिलो हप्ता | |
| ट | WASH प्रतिकार्य योजना अनुरुप तयारी अवस्थामा रहने गरी पुर्बतयारी बैठक बस्ने | ♦ जिल्ला खानेपानी तथा सरसफाई कार्यालय | ♦ WASH क्षेत्रगत समुह सदस्यहरु | अषाढको पहिलो हप्ता | |
| ७ | मनसुनको समयमा हुनसक्ने सम्भावित क्षति तथा प्रकोपका बारेमा सामुदायिक संचार माध्यमबाट प्रचार प्रसारको व्यवस्था मिलाउने | ♦ जिल्ला खानेपानी तथा सरसफाई कार्यालय | ♦ DDMC | मनसुन शुरुहुनु भन्दा १ हप्ता पहिले | |
| ८ | ठोस फोहोर व्यवस्थापनका लागि स्थान छनौट तथा फोहोर राख्ने भाँडाको व्यवस्थापन गर्ने | ♦ जिल्ला खानेपानी तथा सरसफाई कार्यालय | ♦ DPHO/UNICEF/NRCS,<br>♦ स्थानीय तहसमेतको समन्वयमा | मनसुन शुरुहुनु भन्दा १ हप्ता पहिले | |
| ९ | अत्यावश्पक अवस्थामा खानेपानीका लागि टैंकर व्यवस्था गर्ने | ♦ जिल्ला खानेपानी तथा सरसफाई कार्यालय | ♦ खानेपानी उपभोक्ता समिति, उद्योग बाणिज्य संघ, | अषाढको दोश्रो हप्ता | |

## जिल्लामा क्षेत्रगत  निकायहरुको सम्पर्क सुची

| निकाय | बिषयगत क्षेत्र | कार्यरत क्षेत्र | सम्पर्क व्यक्ति को नाम | सम्पर्क नम्बर | फोन नं. | इमेल |
|---|---|---|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | समन्वय, सुरक्षा | जिल्लाभर | प्रजिअ | 420133 | 9858727777 | daodarchula@gmail.com |
| जिल्ला प्रशासन कार्यालय | समन्वय, सुरक्षा | जिल्लाभर | सप्रजिअ | 420214 | 9851073529 | **1073529@gmail.com** |
| नेपाली सेना | खोज तथा उद्धार | जिल्लाभर | प्रमुख सेनानी | 420151 | 9857650018 | gulmadurgadal@gmail.com |
| नेपाल प्रहरी | खोज उद्धार, शान्ति सुरक्षा | जिल्लाभर | प्रनाउ | 420250 | 9858725555 | **dpodarchula@gmail.com** |
| शसस्त्र प्रहरी गुल्म | खोज तथा उद्धार, सुरक्षा | जिल्लाभर | सप्रनाउ | 420100 | 9851263267 | **apfdarchul.coy@gmail.com** |
| जि.स.स.को कार्यालय, स्थानीय तह | राहत तथा पुर्नस्थापना समन्वय | जिल्लाभर | स्था.स.अ. | 410144 | 9858752144 | **ddc.darchula@gmail.com** |
| जिल्ला जनस्वास्थ्य कार्यालय | स्वास्थ्य सेवा | जिल्लाभर | प्रमुख | 420188 | 9845593322 | **dhodarchula3@gmail.com** |
| जिल्ला शिक्षा कार्यालय | शिक्षा | जिल्लाभर | प्रमुख | 420135 | 9741251696 | **darchuladeo@gmail.com** |
| कृषि विकास कार्यालय | खाद्यान्न तथा बिउ | जिल्लाभर | प्रमुख | 420141 | 9759503410 | **spbaral@hotmail.com** |
| खानेपानी तथा सरसफाई कार्यालय, | खानेपानी तथा सरसफाई सामाग्री | जिल्लाभर | प्रमुख | 420150 | 9858422622 | **washdarchula@gmail.com** |
| बैतडी दार्चुला सडक डि.कार्यालय | सडक निर्माण तथा मर्मत | जिल्लाभर | डि.ई. | 420261 | 9851202127 | |
| जिल्ला तथ्यांक कार्यालय | सुचना संकलन | जिल्लाभर | प्रमुख | 420136 | 9848764406 | **bsodarchula@gmail.com** |
| दार्चुला तिंकर सडक डिभिजन कार्यालय | सडक निर्माण तथा मर्मत | जिल्लाभर | डिई | 420119 | 9759501887 | |
| जिल्ला बन कार्यालय | अस्थायी आवासका लागि सहयोग | जिल्लाभर | का.प्र. | 420145 | 9845027797 | **dardfo@dof.gov.np** |
| महिला तथा बालबालिका कार्यालय, स्थानीय तह | आपत्कालीन संरक्षण | जिल्लाभर | का.प्र. | 420114 | 9749548596 | **wcodarchula123@gmail.com** |
| नेपाल रेडक्रस सोसाइटी | गैह्र खाद्य सामाग्री | जिल्लाभर | सभापति | 410066 | 9749507546 | **darchulanrcs72@gmail.com** |
| नेपाल रेडक्रस सोसाइटी | गैह्र खाद्य सामाग्री | जिल्लाभर | मन्त्रि | 410066 | 9848727511 | **darchulanrcs72@gmail.com** |
| जिल्ला पशु सेवा कार्यालय | राहत तथा पुर्नस्थापना | जिल्लाभर | प्रमुख | 420104 | 9849731996 | darchuladlso@yahoo.com |
| नेपाल टेलिकम | सुचना सञ्चार | जिल्लाभर | प्रमुख | 420108 | | **nt.darchula@ntc.net.np** |
| नेपाल विद्युत प्राधिकरण | विद्युतिकरण | जिल्लाभर | का.प्र. | 420132 | 9849224093 | |
| उद्योग वाणिज्य संघ | खाद्य तथा गैह्र खाद्य सामाग्री, निर्माण सामाग्री | जिल्लाभर | अध्यक्ष | 420168 | 9858751144 | **dccidarchula31@gmail.com** |
| गैसस महासंघ, | पुनर्स्थापना कार्यक्रम | जिल्लाभर | का.प्र. | 420475 | 9759502320 | joshi.sankalpa@yahoo.com |
| महाकाली नदी नियन्त्रण आयोजना | पुनर्स्थापना | प्रभाबित क्षेत्र | का.प्र. | 420151 | 9851175760 | **sushildev.25@gmail.com** |
| सि.आर.डि.एस., पहल | राहत, संरक्षण  तथा WASH | प्रभावित क्षेत्र | प्रमुख | 420061 | 9759503406 | **ashokrajojha@gmail.com** |
| संकल्प युवा क्लब | राहत, संरक्षण  तथा स्वास्थ्य | प्रभावित क्षेत्र | प्रमुख | | 9759502320 | **sankalpa2054@gmail.com** |
| अपीनम्पा संरक्षण क्षेत्र कार्यालय | राहत तथा पुनस्थापना | प्रभावित क्षेत्र | प्रमुख | 420497 | 97595003545 | **ancadarchula@gmail.com** |
| पत्रकार महासंघ | सुचना संचार | जिल्लाभर | अध्यक्ष | 420098 | 9759500740 | **shankar.dhami@gmail.com** |
| रक्त संचार केन्द्र | रगतको आपुर्ति | जिल्लाभर | ईन्चार्ज | 420188 | 9749507546 | **darchulanrcs72@gmail.com** |
| जिल्ला हावापानी फिल्ड कार्यालय | बाढी पुर्ब सुचना | जिल्लाभर | प्रमुखः राजु कुमार मिश्र | 086560034 | 9749500672 | |
| नेपाल रेडकस सोसाइटी | तथ्यांक संकलन | जिल्लाभर | दान महरा | 410133 | 9848711056 | dan.nrcs@gmail.com |
| जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र | सुचना संकलन, समन्वय, सहकार्य | जिल्लाभर | राज कुमार घिमिरे | 420078 | 9845056942 | rajkumar9845056942@gmail.com |

## बाढीबाट जोखिमयुक्त गा.पा. वा नगरपालिका (स्रोतः गा.पा./न.पा. प्रशासकीय अधिकृत)

| क्र.स. | गा.पा. वा न.पा.को नाम | जनसंख्या | बाढीको जोखिमको स्तर | | |
|---|---|---|---|---|---|
| | | | न्यून (हरीयो) | मध्यम (पहेलो) | उच्च (रातो) |
| १ | महाकाली नगरपालिका | २१,२३१ | १,२,३ | ४,५ | ६,७,८,९ |
| २ | शैल्य शिखर नगरपालिका | २२,०६० | २ | ३ | १,२,३,९ |
| ३ | मार्मा गाउपालिका | १४,९५६ | | १,४,५,६ | ३,२ |
| ४ | लेकम गाउपालिका | १४,८३८ | २,५,६ | १,३ | ४ |
| ५ | मालिकार्जुन गाउपालिका | १५,५८१ | | ८ | १,२,३,४,५,६,७ |
| ६ | अपीहिमाल गाउपालिका | ६,७७९ | ४,५ | १,२ | ३,६ |
| ७ | नौगााड गाउपालिका | १५,८७४ | | १,३ | |
| ८ | व्यास गाउपालिका | १०,३४७ | १,२ | ६ | ३,४,५ |
| ९ | दुहु गाउपालिका | १०,८१८ | २ | | |

## दार्चुलामा विपद् पूर्व सूचना प्रणाली
## विपद् सूचना संयन्त्र सञ्जाल

